आज मिति २०७९ कार्तिक ११ गतेका दिन विहान १०:४५बजे यस ढोरपाटन नगरपालिकाका का.वा. नगर प्रमुख श्री धन वहादुर कायतज्युको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमको पदाधिकारीको उपस्थितिमा बसी तपसिलबमोजिमका प्रस्ताव उपर छलफल गरी निम्न लिखित निर्णय गरियो ।

उपस्थितिहरु :-

- का.वा. नगर प्रमुख श्री धन वहादुर कायत
- वडा नं. १, वडाध्यक्ष श्री बाल बहादुर घर्त्याल
- वडा नं. २, वडाध्यक्ष श्री भेक वहादुर खत्री
- वडा नं. ३, वडाध्यक्ष श्री खिम वहादुर सुनार
- वडा नं. ४, वडाध्यक्ष श्री तिलक पुन
- वडा नं. ५, वडाध्यक्ष श्री दिपेन्द्र पुन मगर
- वडा नं. ६, वडाध्यक्ष श्री उमेश कुमार बुढा मगर
- वडा नं. ७, वडाध्यक्ष श्री धन वहादुर अर्दे
- वडा नं. ८, वडाध्यक्ष श्री भद्रमनी सुनार
- वडा नं. ९, वडाध्यक्ष श्री खिम वहादुर घर्ती मगर
- कार्यपालिका सदस्य श्री विमला महत
- कार्यपालिका सदस्य श्री निम कुमारी भण्डारी
- कार्यपालिका सदस्य श्री तुलसरी वि.क.
- कार्यपालिका सदस्य श्री खगिसरा कायत
- कार्यपालिका सदस्य श्री इन्दु कुमारी सिर्पाली
- कार्यपालिका सदस्य श्री नविन शेरचन
- कार्यपालिका सदस्य श्री दिलिप कुमार थापा
- कार्यपालिका सदस्य श्री कुल वहादुर घर्त्याल
- प्रमुख प्रशासकीय अधिकृत सचिव श्री चिरन्जिवि घिमिरे
- सहयोगी कर्मचारी श्री दिपक श्रीपाली

प्रस्तावहरु :-

१. योजना सम्झौता सम्बन्धमा ।
२. डिजिटल नगर प्रोफाइल सम्बन्धमा ।
३. वारस योजना सम्बन्धमा ।
४. ढुङ्गा, गिटी, बालुवा टेन्डर सम्बन्धमा
५. स्थानीय सडक मर्मत (सडक बोर्ड नेपाल) सम्बन्धमा ।
६. प्रदेश लोक सेवा आयोगमा कर्मचारीहरुको माग आकृति पठाउने सम्बन्धमा ।
८. विविध सम्बन्धमा ।

६. बुर्तिबाङ प्रा. स्वा. केन्द्र, बुर्तिबाङको कम बजेट र कर्मचारी सम्बन्धमा।

निर्णयहरु :-

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा यस ढोरपाटनको १८ औं नगर सभाबाट स्वीकृत वार्षिक बजेट नीति तथा कार्यक्रम कार्यान्वयनको लागि प्रत्येक वडामा संचालित गर्ने योजनाहरुको मंसिर मसान्तसम्म उपभोक्ता समिति बनाई योजना कार्यान्वयन गर्ने र अन्य योजना तथा कार्यक्रम टेन्डर र प्रस्ताव आह्वान गरी यथासक्य छिटो कार्यान्वयन गर्ने निर्णय गरियो।

२. प्रस्ताव नं.२ माथि छलफल गर्दा यस ढोरपाटन नगरपालिकाद्वारा मिति २०८१।०६।१६ गते ढोरपाटन राष्ट्रिय दैनिक पत्रिका र वेवसाइटमा प्रकाशित सूचना अनुसार ढोरपाटन न.पा.को वस्तुस्थिति सहितको डिजिटल नगर प्रोफाइल तयार गर्नका लागि आर्थिक तथा प्राविधिक प्रस्तावका आधारमा श्री जेलवेल लाई छनोट गर्ने बोलपत्र मूल्याङ्कन समितिले समितिले गरेको निर्णय अनुमोदन गर्ने र सोका लागि प्रत्येक वडाबाट २।२ जनाका दरले स्वयमसेवक वा गणक छनोट गरी परामर्श दातालाई तालिमका लागि उपलब्ध गराउने निर्णय गरियो।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा ~~यस ढोरपाटन~~ गण्डकी प्रदेश, उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयबाट सञ्चालित वास (wash) योजना निर्माणका लागि स्वीकृत प्रदान गर्ने र तथ्याङ्क संकलनको लागि गणक छनोट गर्ने निर्णय गरियो।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा ढोरपाटन क्षेत्रको बडिगाड खोलामा रहे रहेको ढुङ्गा गिटी, बालुवा उत्खननको लागि वातावरणीय मूल्याङ्कन भएको आधारमा बडिगाड खोलाको तुरतुरे क्षेत्रमा भएको परिमाणका आधारमा टेन्डर आह्वान गर्ने र सो टेन्डर भएपछि सो परिमाण, वातावरणीय मूल्याङ्कन र वस्तुस्थिति सहित स्वीकृतिका लागि कार्यपालिकामा पेस गर्ने लगाउने निर्णय गरियो।

ढोरपाटन नगरपालिका नगर कार्यपालिकाको कार्यालय

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा सडक बोर्ड नेपालबाट स्थानीय सडक मर्मतका लागी आ.व.०८१/०८२ का लागी रु ३६,००,०००।०० (छत्तिस लाख मात्र) बजेट स्वीकृत भएमा वडा नं. १ देखि ६ सम्मको बाटो मर्मत योजना (ग्याविन, कल, ह्युम पाइप र बाटो स्तरोन्नति, रेलिङ बालसमेत) का लागी यस पालिकाबाट रु, ८,००,०००।- समपुरक कोष छुट्याई एक पटक फिल्ड अध्ययन गरी कार्यपालिकामा पेश गर्ने निर्णय गरियो।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस ढोरपाटन नगरपालिका वडा नं. १ मा रहेको बुर्तिवाङ प्राथमिक स्वास्थ्य केन्द्र बुर्तिवाङलाई नेपाल सरकारको निर्णय अनुसार प्रादेशिक अस्पतालको रुपमा रुपान्तरण भएको मा यस पालिकाबाट सो संस्थालाई रकम विनियोजन नगरिएको र संघीय सशर्त रकम समेत घटेर आएकाले हालसम्म पनि प्रादेशिक अस्पतालको रुपमा रुपान्तरण नभएकाले हुँदा त्यहाँ कार्यरत स्थायी कर्मचारीहरुको तलबभत्ता अपुग हुने हुँदा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा रकम माग गरी पठाउने र करार कर्मचारीहरुलाई आगामी पौष मसान्तसम्म पालिकाबाट तलबभत्ता व्यवस्था गरी म्याद थप करार सम्झौता गर्ने निर्णय गरियो।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस ढोरपाटन नगरपालिकामा रिक्त रहेका देहाय बमोजिम पदहरुको माग आकृति फाराम भरी प्रदेश लोक सेवा आयोग गण्डकी प्रदेशमा पठाउने गर्ने निर्णय गरियो।

| क्र.सं. | पद | तह | सेवा/समूह/उपसमूह | कुल माग पद सं |
|---|---|---|---|---|
| १. | लेखापाल | ५ | प्रशासन/लेखा | १ |
| २. | सब-इन्जिनियर | ५ | इन्जिनियरिङ/सिभिल | २ |
| ३. | सहायक | ५ | प्रशासन/स्थानीय प्रशासन | ३ |
| ४. | अ. सब इन्जिनियर | ४ | इन्जिनियरिङ/सिभिल | ३ |

ढोरपाटन नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय बुर्तिवाङ, बागलुङ गण्डकी प्रदेश, नेपाल

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस ढोरपाटन नगरपालिकाको नगर कार्यपालिकाको मिति २०८१।०८।२८ को निर्णय नं.६मा गरिएको व्यवस्थालाई हाल खारेज गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४८ बमोजिम बोलपत्र मूल्याङ्कन समिति र सो नियमावली र सार्वजनिक निकायमा खरिद सम्बन्धी कार्य गर्ने कर्मचारीको योग्यता निर्धारण मापदण्ड-२०६८ बमोजिम देहायको समिति गठन गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

१. बोलपत्र मूल्याङ्कन समिति

क.) इन्जिनियर नितेश रिसाल वा निज अनुपस्थित भएमा प्रमुख प्रशासकीय अधिकृत तोकेको अधिकृत - अध्यक्ष

ख) स. ले.पा. पार्तिक घर्ति मगर, वा लेखाको कर्मचारी आएमा निज रहने गरी - सदस्य

ग) सब-इन्जिनियर धोज साउँद ''

घ) प्रशासकीय अधिकृत कृषिराम शर्मा वा निज अनुपस्थित भएमा वा प्र.प्र.अ. थप भएमा प्र.प्र. अधिकृतले तोकेको अधिकृत सदस्य-सचिव

२. खरिद इकाई समिति

क. प्र.अ. कृषिराम शर्मा वा निज अनुपस्थित नभएमा वा प्र.प्र. अधिकृत थप भई आएमा प्रमुख प्रशासकीय अधिकृत तोकेको अधिकृत - अध्यक्ष

ख. सम्बन्धित शाखाको प्रमुख वा निजले तोकेको कर्मचारी र कार्यालय सामग्री - सदस्य

ख. खरिद गर्दा स.ई./अ.स.ई "

ग. जिन्सी हेर्ने क.अ. दिपक थापाली (स्टोर शाखा प्रमुख) सदस्य-सचिव

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस ढोरपाटन न.पा को वडा नं. ९ को पायक क्षेत्रमा संचालित राष्ट्रिय कप टेक्वान्डो च्याम्पियनसिप का लागि बागलुङ सि.एच.आई. रिफु टेक्वान्डोलाई रु. ६०,०००/- अनुदान सहायता प्रदान गर्ने निर्णय गरियो।

क्रमशः

१०. प्रस्ताव नं. ८ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पठाएको पोषण मैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि-२०८० सोही बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो।

११. प्रस्ताव नं. ८ माथि छलफल गर्दा नेपाल सरकार विशेष अनुदान मार्फत यस नगरपालिका आएको बहु-क्षेत्रीय पोषण कार्यक्रमलाई अनुमोदन गर्ने निर्णय गरियो।

१२. प्रस्ताव नं. ८ माथि छलफल गर्दा ढोरपाटन न.पा.बाट घोडाचढी व्यवसायीहरुलाई व्यवस्थित गर्न न.पा.बाट छुट्टै किसिमको संचालन अनुमती पत्र दिने र ढोरपाटन घोडाचढी व्यवसायी समिति दर्ता गर्ने निर्णय गरियो।

१३. प्रस्ताव नं. ८ माथि छलफल गर्दा सिपमूलक तालिम कार्यक्रम सञ्चालन कार्यविधि-२०८१ लाई स्वीकृत गर्ने निर्णय गरियो।

१४. निर्णय नं. ५ कार्यान्वयनका लागि देहायका स्थानमा स्थलगत अनुगमन गरी कार्यपालिकामा पेश गर्ने निर्णय गरियो।

१. धौलागिरी चोकदेखि स्वामीवोट चोक, ढो.न.पा.-१
२. टारीखेत, कुत्थाप्ला, अर्लाकोट मो.बा. - ढो.न.पा.२
३. घोसा, गुजा चाचलघाट, सामा.गुजा तमानखोला जोड्ने मोटरबाटो ढो.न.पा.-३
४. ~~धाइवाङ~~ धाइवाङ, लुकुरबन, फलामखानी मो.बा. ढो.न.पा.-४
५. मस्तीचौर-पाखापानी, गाल्दुङ सडक ढो.न.पा.-५
६. जमुनाबोट-जुर्गेपानी-छापडाँडा, भित्रेवन पुरानो गाउँ छहरा ढो.न.पा.-६,
७. गाडीलुङ सिङगाउँ मो.बा. वडा नं. ७
८. जनवादी नुनथला खोला सिकार, डेम्मेरे खोला-बिजौले खोला ढो.न.पा.-८
९. जुरी ढालबोट, खावेदेखि दुहाल मो.बा. ढो.न.पा.-९

१५. प्रस्ताव नं. ८ माथि छलफल गर्दा ढोरपाटन नगरपालिका वडा नं. ९ को पुर्थाली बस्ती ढोरपाटन शिकार आरक्षको

सिमानाभित्र रहेकाले सो ठाउँमा आरक्ष क्षेत्रबाट बाहिर पार्नका लागि ढोरपाटन नगरपालिका र निसीखोला गाउँपालिका बिच सरसल्लाह गरी सम्बन्धित निकायमा प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

१६. प्रस्ताव नं. ८, माथि छलफल गर्दा कवाडी मालवस्तुको बिक्री करको लागि सिलबन्दी पत्र सम्बन्धी सूचना मिति २०८१।०५।२८, २०८१।०६।११ र २०८१।०६।०६ गते ३ (तीन) पटक प्रकाशन भएकोमा कुनै फर्म वा कम्पनीले सिलबन्दी दरभाउ पत्र पेश नगरेकाले अब अन्तिम पटक पुनः सूचना प्रकाशन गर्ने र अन्तिम पटकमा समेत दरभाउपत्र पेश नभएमा मु.अ.कर बाहेक रु. २,६०,०००।०० कवाडी शुल्क तोकी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।